# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १९७ | बुटवल | २०८३ साउन ०८ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday July 24, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



भू-संरक्षणमा ध्यान दिऔं।

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौ,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू–रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार विज्ञापन बोर्ड


## सरकारले संविधान पालना गरेको छ कि छैन ? : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारले संविधानको पालना गरिरहेको छ कि छैन भन्ने गम्भीर प्रश्न उठाएका छन् ।

उनले सरकारले भ्रष्टाचार अनुसन्धानका विषयमा संविधानसम्मत रूपमा अघि बढ्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री र सरकार संविधानभन्दा माथि हुन नसक्ने बताएका हुन् ।

बिहीबार काठमाडौंमा आयोजित बीपी स्मृति दिवसमा बोल्दै थापाले पासपोर्ट खरिद प्रक्रियासम्बन्धी विषयलाई उदाहरणका रूपमा उल्लेख गर्दै अदालतमा विचाराधीन रहेको मुद्दाको निर्णय अदालतले गर्ने भएकाले त्यसमा आफूहरूको टिप्पणी नरहेको स्पष्ट पारे । तर, सरकारको काम संविधानअनुसार भइरहेको छ कि छैन भन्ने विषयमा भने जवाफ आवश्यक रहेको उनको भनाइ थियो ।

'कसले कसलाई ठेक्का दियो भन्ने हाम्रो सरोकारको विषय होइन । अदालतले अनियमितता भएको छ वा छैन भन्ने टुंगो लगाउँछ । जसले गल्ती गरेको हो, उसलाई पाता कसियो भने सरकारलाई धन्यवाद नै दिन्छौं', उनले भने, 'तर हाम्रो प्रश्न एउटा मात्र हो- नेपालको यो सरकारले संविधान मान्छ कि मान्दैन ? हामी सबैले संविधान मान्छौं, नेपालको अहिलेको प्रधानमन्त्रीलाई संविधानले बाँध्छ कि बाँध्दैन ? हामीले अहिले सोध्ने प्रश्न यो हो ।'

थापाले संविधानले प्रधानमन्त्रीसहित सरकारलाई कानूनी सीमाभित्र राखेको उल्लेख गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई स्वतन्त्र र प्रभावकारी रूपमा काम गर्न दिनुपर्ने बताए ।

» बाँकी ३ पेजमा

## 'पञ्चायतमा भन्दा अहिले बढी बर्बरता'



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अहिल देशमा पञ्चायतकालभन्दा पनि दमनसहितको शासन चलिरहेको बताएका छन् ।

पुष्पलाल श्रेष्ठको स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले भने-'पञ्चायतकालमा पनि यस्तो बर्बरता थिएन ।'

उनले आफूलाई पक्राउ गर्दा पनि दमन गरिएको आरोप लगाए । उनले आफूलाई पक्राउ गर्दा पार्टीका नेता कार्यकर्ताले विरोध गर्दा राज्यले दमन गरेको पनि बताए । त्यस्तै उनले प्रहरीको भूमिका माथि पनि प्रश्न उठाए ।

'कुन दमन कुन बर्बर्ता ? कुन राणा शासनमा छु भन्ने लागेको छ सरकारलाई ? प्रहरी फेरि के भएको हो ?,' ओलीले थपे-'यिनीहरूले नै हैन अस्ति प्रहरीलाई लखेटी लखेटी दुःख दिएको ? अहिले केही प्रहरी तिनैको आदेशमा दमन गर्न लागिपरेका छन् ।'

उनले सरकार आफैं सच्चिएन भने सरकारको दमनलाई रोक्न जनता जाग्नुपर्ने पनि बताए । ओलीले भदौ २३/२४ गतेको जेनजी आन्दोलन इतिहासकै धेरै ध्वंसात्मक भएको बताएका छन् । काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले गत भदौमा भएको जेनजी आन्दोलनका विषयमा टिप्पणी गरेका हुन् । 'विभिन्न देशमा चुनाव हुन्छ तर लोकतन्त्र हुँदैन ।

» बाँकी ३ पेजमा

## सुकुम्वासी र अव्यवस्थित बसोवासीको आन्दोलन जारी

बुटवल । भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरूले आफ्नो बसोवास तथा जग्गाको स्वामित्व सुनिश्चित गर्नुपर्ने माग गर्दै बिहीबार पनि आन्दोलन जारी राखेका छन् । सरकारले वैकल्पिक व्यवस्थापन नगरी उठिबास लगाएको भन्दै उनीहरूले 'यो देशमा बाँच्न देऊ' लेखिएको ब्यानर बोकेर काठमाडौंको माइतीघर मण्डलामा आन्दोलन जारी राखेका छन् ।

सरकारले समस्या समाधान नगरेसम्म आन्दोलन थप सशक्त रूपमा जारी राख्ने उनीहरूको चेतावनी छ । सुकुम्वासी नागरिक प्रेमबहादुर तामाङले सरकारले सुकुम्वासी र हुकुम्वासी नछुट्याइकन सबैलाई एउटै डालोमा हाल्ने काम गरेको भन्दै आपत्ति जनाए ।

सरकार भूमि भएका र नभएका नागरिकको छानबिन गरेर मात्र सुकुमवासी बस्ती हटाउनुपर्नेमा त्यसो नगरेको उनको आरोप छ । उनले आफूहरूको वैकिल्पक व्यवस्थापन नभएसम्म आन्दोलन जारी राख्ने बताए । उनले भने-'जबसम्म सरकारले सुकुमवासीको उचित व्यवस्थापन गरेर समस्या समाधान गर्दैन तबसम्म हाम्रो आन्दोलन जारी रहन्छ । आन्दोलन झन चर्किंदै जान्छ । किनभने पूर्वसूचना समेत नदिई एक दिनको सूचनाको आधारमा सुकुमवासीको बास उठाइदियो । कोसँग भूमि छ ? कोसँग छैन ? सुकुमवासी हो कि हुकुमवासी हो ? सरकारले छानबिन गर्नसक्छ ।'

सरकारले गत १२ र १३ बैशाखमा काठमाडौं उपत्यकाका विभिन्न खोला तथा नदी किनारमा रहेका सुकुम्वासी बस्तीमाथि डोजर चलाएको थियो । १५ दिनभित्र वैकल्पिक व्यवस्थापन गर्ने भने पनि सरकारले सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको उचित व्यवस्थापन गर्न सकेको छैन ।

### रूपन्देहीमा विकास बजेट ३७ दशमलव ४६ प्रतिशत मात्रै खर्च

# राजस्व संकलन १७ अर्ब बढ्यो

**मोहम्मद हबिब**

*भैरहवा*

रुपन्देहीमा आर्थिक वर्ष २०८२/८३ मा कुल बजेटको ६९ दशमलव ७८ प्रतिशत मात्र खर्च भएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीले सार्वजनिक गरेको रुपन्देही स्थित संघीय कार्यालयहरुको आर्थिक वर्ष २०८२/०८३ को वित्तीय अवस्थाको तथ्याङ्क अनुसार कुल बजेट ३६ अर्ब २ करोड ९६ लाख ६७ हजार ८१० रुपैयाँ बजेट कायम गरेकोमा २५ अर्ब १४ करोड २८ लाख ११ हजार ८७ रुपैयाँ खर्च भएको छ। चालुगत खर्च बढे पनि पुँजीगततर्फ भने बजेट खर्च कम भएको छ।

रुपन्देहीका लागि यस आर्थिक वर्षमा चालूतर्फ २१ अर्ब ७ करोड ८२ लाख ७५ हजार ३ सय ३६ मध्ये १९ अर्ब ३९ करोड २४ लाख ४८ हजार ७३ रुपैयाँ अर्थात् ९२ प्रतिशत खर्च भएको छ भने पुँजीगत तर्फ अख्तियारी आएको कुल वजेट १४ अर्ब ९५ करोड १३ लाख ९२ हजार ४ सय ७४ मध्ये ५ अर्ब ७५ करोड ३ लाख ६३ हजार १३ अर्थात् ३८ दशमलव ४६ प्रतिशत रकम खर्च भएको कोलेनिका कार्यालय रुपन्देहीका प्रमुख कोष नियन्त्रक विष्णु खनालले जानकारी दिए। अहिलेको पुजीगत खर्च अघिल्लो आर्थिक वर्षको भन्दा ३० प्रतिशत कम भएको छ भने चालु खर्च १५ प्रतिशत बढेको छ। आर्थिक वर्ष २०८१-८२ मा पुँजीगत तर्फ ६० दशमलव ७२ प्रतिशत रकम खर्च भएको थियो।

विकास बजेटको रुपमा रहेको पूर्वाधारको आवश्यकता पुरा गर्ने बजेट पुजिगत खर्च हो यो नहुनु भनेकै विकास नहुनु हो। हरेक वर्ष पुँजीगत खर्च शत प्रतिशत गर्ने कुरा उठान भए पनि ती घोषणाको रुपमा मात्रै हुने गरेको छ। अझै पनि अन्तिम समयमा आएर बजेट खर्च गर्ने परिपाटी अन्तय भएको छैन। असारमा मात्रै बढी खर्च गर्ने परिपाटी कायम नै छ। आर्थिक वर्ष २०८१/८२ को असारमा मात्रै कुल पुजीगत खर्चको २१ दशमलव १५ प्रतिशत अर्थात १ अर्ब २१ करोड ५९ लाख ६१ हजार खर्च भएको देखिन्छ। यस्तै चालुतर्फ त १ अर्ब ७७ करोड ८१ लाख ३९ हजार खर्च भएको कार्यालयका सूचना अधिकारी मदन जिसीले जानकारी दिए।

असारमा देखिने खर्च बढी रहेता पनि ती खर्च वर्ष भरि गरेको कामको पनि खर्च हुन्छ। कामको पूर्णता नहुँदा, अनुगमन र भेरिफिकेशनको काम साथै कागज पत्र नमिलेको कारण पनि असारमा अन्तिम समय भएकोले अन्तिममा गर्ने परिपाटीले पनि बढी देखिन्छ। यसलाई अझै घटाउनेतर्फ लाग्नु पर्छ।

विगत केही वर्ष अगाडि सामानान्तर रुपमा बजेट खर्च भए पनि यो क्रम विस्तारै हट्दै गएको छ। सरकारले यसैलाई मध्यनजर गर्दै संविधानमै जेठमा बजेट प्रस्तुत गर्नुपर्ने बाध्यत्मक व्यवस्था गरेको थियो। तर काम गर्ने परिपाटी उस्तै भएपछि पुँजीगत खर्च बढ्न सकेको छैन।

आर्थिक वर्ष २०७९/०८०मा ४२ अर्ब २ करोड ६९ लाख ६३ हजार ४ सय ५१ रुपैयाँ बिनियोजित रकमको ८८ प्रतिशत रकम खर्च भएको थियो। जस्मा पुँजीगत खर्च ७१ प्रतिशत रहेको थियो। ८०/८१ मा कुल बजेटको ६९ दशमलव ८५ प्रतिशत चालुतर्फ र ३० दशमलव १५ प्रतिशत पुँजीगततर्फ बजेट कायम भएकोमा चालुतर्फ ९१ र पुँजीगत तर्फ ३६ प्रतिशतमा खर्च भयो। यस्तै ८१-८२ मा चालूतर्फ ९२ दशमलव १९ प्रतिशत र पुँजीगततर्फ ६० दशमलव ७२ प्रतिशत रकम खर्च भएको थियो।




विगतको तुलनामा अहिले पुँजीगत खर्चको तथ्याङ्क खस्किएको छ यसलाइ अझै सुधार गर्नुपर्ने आवश्यकता छ। रुपन्देहीको सबैभन्दा बढी बजेट बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना बुटवलको रहेकोमा वर्षमा ५१ दशमलव ४९ प्रतिशत मात्र खर्च भयो। ४ अर्ब १६ करोड ९० लाख बजेट कायम भएकोमा २ अर्ब १४ करोड ६४ लाख मात्रै खर्च भएको छ। यस्तै सघन शहरी तथा भवन निर्माण आयोजना रुपन्देहीले १ अर्ब ९० करोड ९७ लाख बजेट कायम भएकोमा ५० करोड ८८ लाख अर्थात २६ दशमलव ६४ प्रतिशत मात्रै खर्च गरेको छ।

यस्तै सडक डिभिजन कार्यालय बुटवलले १ अर्ब ६४ करोड ५६ लाख बजेट कायम भएकोमा १ अर्ब ५ करोड ५० लाख अर्थात् ६४ दशमलव १२ प्रतिशत खर्च गरेको छ। आर्थिक करिडोर कार्यालय बुटवलले ८२ प्रतिशत, शहरी विकास तथा भवन निर्माण कार्यालयले ७८ प्रतिशत, भूमिगत जल सिँचाइ आयोजनाले ६९ प्रतिशत, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले ६० प्रतिशत, बुटवल सभाहलले ५४ प्रतिशत, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना ४७ प्रतिशत, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यक्रमले ३५ प्रतिशत खर्चेको छ।

सरकारले पुँजीगत खर्चलाई जबसम्म यथोचित ढंगले कार्यान्वयन गर्न सक्दैन, तबसम्म जतिसुकै अन्य कुरामा सुधार गरे पनि देशको विकास हुन सक्दैन। पुँजीगत खर्चका लागि भएका मौज्दात ऐन, नियम, कानुन पनि बाधक छन्, सरकारले गम्भीर भएर इमान्दारी पूर्वक लागे पुँजीगत खर्च ठीक समयमा ठीक ढंगले हुनेछ। जनता र सत्ता विपक्षीहरुले सचेत हुँदै खर्चको नियमन र निगरानी गर्नु पर्छ।

चालु बजेट खर्च हुने पुँजीगत खर्च नहुनु भनेकै कर्मचारीहरुले काम नगरिदिदा पूर्वाधार तथा आयोजनाको काम सूस्त हुनु हो। समानान्तर रुपमा बजेट खर्च नहुँदा यस्को असर अन्तिममा पर्छ। अन्तिम समयमा आएर गरेको विकास निर्माणले गुण्स्तरीयतामा पनि प्रश्न उठ्छ। प्रतिशतमा मात्रै देखिने त्यो खर्च हतारहतारमा खर्च भएको हुन्छ, कति पय फ्रिज हुन्छ भने कति पय त कागजमै मात्र खर्च हुने गरेको पाइन्छ। सरकारले विकासलाई प्राथमिकता र समयमा गर्नका लागि बजेट निकासा चाढै गर्ने गरेको छ।

**राजश्व आम्दानी १४ प्रतिशतले बढ्यो, १ खर्ब ३७ अर्ब बढी संकलन**

रुपन्देहीमा गत वर्षको तुलनामा राजस्व संकलन १४ दशमलव ११ प्रतिशतले बढेको छ। जिल्लाको सबैभन्दा ठूलो आम्दानीको श्रोत भैरहवा भन्सार कार्यालय नै रहेको छ। कोष तथा लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/०८३ मा रुपन्देहीबाट १ खर्ब ३७ अर्ब ७२ करोड ४६ लाख ९९ हजार २ सय ९५ रुपैया ३१ पैसा राजस्व संकलन भएको छ। जसमा भैरहवा भन्सार कार्यालयबाट १ खर्ब ४ अर्ब ८८ करोड ४५ लाख, आन्तरिक राजस्व कार्यालय भैरहवाबाट १८ अर्ब ४३ करोड, आन्तरिक राजस्व कार्यालय बुटवलबाट १३ अर्ब ५४ करोड, अध्यामनबाट १७ करोड ४५ लाख, जिल्ला प्रशासनबाट ९करोड ९६ लाख राजस्व संकलन भएको छ। आर्थिक वर्ष २०७९/८० मा १ खर्ब २ अर्ब २२ करोड ३० लाख ३७ हजार ८ सय ९० रुपैयाँ ६३ पैसा राजस्व आम्दानी भएको थियो, यस्तै वर्ष २०८०/८१ मा १ खर्ब ४ अर्ब ८१ करोड ३८ लाख १० हजार ६ सय ९४ रुपैयाँ ८७ पैसा राजस्व आम्दानी भएको थियो भने आर्थिक वर्ष १०८१-८२मा १ खर्ब २० अर्ब ६९ करोड ८८ लाख ४६ हजार ८ सय २६ रुपैयाँ ३१ पैसा राजस्व आम्दानी भएको छ। रुपन्देहीमा अहिले १७ अर्ब बढि राजस्व संकलन भएको छ।

## चौराहा-गोलपार्क सडकको म्याद फेरि थप



बुटवल । बुटवलको चौराहा-गोलपार्क सडक निर्माणको पुनः म्याद थप गरिएको छ। पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद तौफिक अहमद खान संलग्न कम्पनीले ठेक्का लिएको थियो । यसअघि असार मसान्तभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको भएपनि काम पूरा नभएपछि आगामी २०८३ असोज २० गतेसम्मका लागि म्याद थप गरिएको छ । अझै ४० प्रतिशत काम बाँकी छ। 'बावुल दर्शन मालिका जेभी' का नाममा रहेको यो सडक ठेक्का सम्झौतामा रुपन्देही क्षेत्र नं ५ बाट निर्वाचित सांसद खानले हस्ताक्षर गरेका छन् ।

सांसद खानले यो कम्पनी आफ्नो नभएर भाइको भएको दाबी गर्दै आए पनि ठेक्का सम्झौतामा उनले नै सञ्चालकको तर्फबाट हस्ताक्षर गरेको स्वीकार गरिसकेका छन् । सुरुमा यो ठेक्का 'कञ्चनजङ्घा-विरुवा जेभी' ले लिएको थियो। ८ वर्षसम्म काम पूरा नगरेपछि उक्त कम्पनीसँगको ठेक्का रद्द गरी 'बावुल दर्शन'लाई दिइएको हो । तर, यो कम्पनीले पनि पटक-पटक गरेका प्रतिबद्धता पूरा गर्न सकेको छैन ।

सडक डिभिजन कार्यालय बुटवलकी सूचना अधिकारी प्रज्ञा शर्माले निर्माण कम्पनीले निर्धारित समयमा काम सक्न नसकेपछि असोज २० गतेसम्म म्याद थप गरिएको जानकारी दिइन् । उनले अब पुनः म्याद थप नगर्ने बताइन् । ठेकेदारले नै यो समयभित्र काम सक्छु भनेर प्रतिबद्धता गरेपछि म्याद थपिएको उनले बताइन् ।

साढे तीन किलोमिटर सडक विस्तारका लागि २०७३ चैत १७ गते ५३ करोड ९७ लाख ९९ हजार ४ सय रुपैयाँमा कञ्चनजङ्घा-विरुवा जेभीसँग सम्झौता भएको थियो । आठ वर्षसम्म पनि काम नसकिएपछि २०८१ बैशाखमा उक्त ठेक्का रद्द गरियो ।

त्यसपछि २०८१ असोज १८ गते बावुल दर्शन मालिका जेभीसँग करसहित ३३ करोड रुपैयाँमा एक वर्षभित्र ६ लेन सडक विस्तार सम्पन्न गर्ने गरी नयाँ सम्झौता भयो । तर, २०८२ असोज १८ भित्र काम नसकिएपछि पहिलो पटक २०८२ चैत १२ सम्म र दोस्रो पटक असार मसान्तसम्म म्याद थपियो। अहिले पुनः तेस्रो पटक म्याद थपिएको हो ।

सडक डिभिजन कार्यालयका अनुसार हालसम्म १८ करोड ७७ लाख रुपैयाँ भुक्तानी भइसकेको छ।

» बाँकी ३ पेजमा


सार्वजनिक सूचना

विज्ञापन प्रकाशन सम्बन्धी दररेट

बुटवलबाट प्रकाशित बुटवल टुडे राष्ट्रिय दैनिक, दैनिक पत्र राष्ट्रिय दैनिक, मेचीकाली राष्ट्रिय दैनिक, दैनिक लुम्बिनी राष्ट्रिय दैनिक र नवतिलोत्तमा राष्ट्रिय दैनिक को मिति २०८३ साल साउन ७ गतेदेखि लागू हुने गरी विज्ञापन प्रकाशन सम्बन्धी न्यूनतम दररेट कायम गरिएको सबैंमा जानकारी गराइन्छ।

यस व्यवस्थाबाट विज्ञापनदाताहरूलाई समान, पारदर्शी, विश्वसनीय तथा व्यवस्थित सेवा उपलब्ध हुने विश्वास लिएएको छ।

न्यूनतम विज्ञापन दररेट (संक्षेपमा)

| | विज्ञापन तथा सूचना | न्यूनतम दर |
|---|---|---|
| १. | हार्दिकबधाई तथा शुभकामना, समवेदना, श्रद्धान्जली तथा व्यवसायिक विज्ञापन | रू. १०० (प्रति सी.सी.) |
| २. | हराएको सम्बन्धी सूचना (राहदानी, नागरिकता, बीमा, शैक्षिक प्रमाणपत्र आदि तथा अदालत, कम्पनी रजिष्ट्रार, बैंक तथा वित्तीय संस्था, कानुनी, सार्वजनिक, आवश्यकता तथा सहकारी सम्बन्धी सूचना | रू. ३,००० (प्रति सूचना) |
| ३. | सरकारी तथा सार्वजनिक खरिद, बोलपत्र, आशयपत्र तथा प्रस्ताव आवहान सम्बन्धी सूचना | विज्ञापन बोर्डबाट स्वीकृत दररेटअनुसार |
| ४. | बैंक तथा वित्तीय संस्थाका कर्जा तथा धितो लिलामी सूचना | रू. १०० (प्रति सी.सी.) |
| ५. | सरकारी तथा स्थानीय तहका जनहितका सूचना तथा वन सम्बन्धी सूचना र पेन्सनपट्टाको सूचना | रू. ५,००० (न्यूनतम) |

- उल्लेखित दररेटमा प्रचलित कानून बमोजिम लाग्ने कर तथा मूल्य अभिवृद्धि कर (भ्याट) अतिरिक्त लाग्ने छ।

बुटवल टुडे, मेचीकाली, दैनिक पत्र, दैनिक लुम्बिनी र नवतिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकाहरुको ग्राहक शुल्क २०८३ साल श्रावण महिनादेखि लागू हुने गरी प्रतिदिन रू. १० (दश रूपैयों) कायम गरिएको छ।

बुटवलबाट प्रकाशित राष्ट्रिय दैनिक पत्रिकाहरू

लुम्बिनी | मेचीकाली राष्ट्रिय दैनिक | दैनिक पत्र राष्ट्रिय दैनिक | बुटवल टुडे राष्ट्रिय दैनिक | तिलोत्तमा राष्ट्रिय दैनिक

## सम्पादकीय

# सर्वोच्चको आदेशले गरेको दिशानिर्देश

सर्वोच्च अदालतले सरकारी विज्ञापन निजी मिडियालाई विभेद नगर्न नेपाल सरकारलाई आदेश दिएको छ । असार ३० गते भएको फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्धय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले विज्ञापनमा विभेदको अन्त्य गरिदिएको हो । सर्वोच्च अदालतको यो फैसला केवल निजी मिडियाको हितको विषय मात्रै नभई प्रेस स्वतन्त्रताको सवाल हो । स्वतन्त्र सञ्चार संस्थाहरुलाई आर्थिक नाकाबन्दी लगाएर बन्द गर्ने सरकारको योजना अदालतको फैसलाले तुहिएको छ । गत चैत १८ गते निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णय गर्दै प्रधानमन्त्री कार्यालयले सबै सरकारी कार्यालयलाई पत्राचार गरेको थियो ।

सरकारी विज्ञापनमा धेरै बेथिति छ । ती बेथिति हटाएर मर्यादित बनाउन आवश्यक छ, प्राथमिकताको यो सूचीमा ध्यान नदिएर सरकारले विज्ञापन सरकारी सञ्चार माध्यममा मात्रै दिने निर्णय गरेर गलत गरेको थियो । स्वतन्त्र सञ्चार माध्यम लोकतन्त्रका पहरेदार हुन् । लोकतान्त्रिक प्रणालीमा सञ्चारमाध्यम स्वतन्त्र हुनुपर्छ, राज्यले त्यो स्वतन्त्रताको प्रत्याभूति दिनुपर्छ । तर एकाएक विज्ञापन रोक्ने मात्रै नभई स्वतन्त्र सञ्चार संस्थाको कार्यालयमा आवतजावत अवरुद्ध हुनेगरी गाडी पार्किङ् गरेर अवरोध गर्ने जस्ता काम पनि सरकार पक्षबाट भयो । सञ्चारमाध्यमको सुरक्षाको जिम्मेवारी बोकेको सरकार सञ्चार संस्थाको कार्यालयमा आवतजावत बन्द हुनेगरी गाडी पार्किङ् गर्नेहरुलाई संरक्षण गर्नु लोकतान्त्रिक व्यवस्थामाथिको प्रहार हो । भिजिलान्ते प्रयोग गरी सञ्चार संस्था र पत्रकारलाई तर्साउने गतिविधिले पञ्चायतकालमा झैं 'भूमिगत गिरोह'ले शासन प्रणाली चलाइरहेको आभास हुँदैछ ।

सरकार कमजोरीबाट पाठ सिक्दै अघि बढ्ने हो भने अझै अवसर छ । विज्ञापन नीतिलाई पारदर्शी ढंगले कार्यान्वयन गर्ने हो भने विज्ञापनमा अपारदर्शी गतिविधि बन्द हुन्छन् । स्थानीय तह र प्रदेश सरकार मातहतका विज्ञापन स्थानीय सञ्चार माध्यमलाई अनिवार्य दिनुपर्ने व्यवस्था गर्न आवश्यक छ । स्थानीय तह र प्रदेश सरकारका विज्ञापन समेत काठमाडौंका सञ्चारमाध्यममा दिने स्थितिको अन्त्य गर्दा संघीयताको व्यवहारिक कार्यान्वयन हुन्छ । केन्द्रीकृत मानसिकता बोकेर संघीय शासन प्रणाली बलियो हुँदैन । अब अदालतको आदेशको कार्यान्वयन गर्दै सरकार अझ अघि बढेर मिडियामैत्री बन्दा धुमिलिएको छवि उज्यालो बनाउने अवसर छ । लोकतन्त्रमा मिडियाको स्वतन्त्रतालाई अनिवार्य शर्त मान्दा मात्रै लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन सकिन्छ ।

# लाटाको खुट्टो बाटामा



तुल्सीराम पाण्डे

फलानाको छोरो यती वर्षलाई जेल गयो भन्ने अनुमान गरेछन् । त्यसबेला पञ्चको विरोध गर्नेलाई जागिरे भए जागिर खोस्ने र अरुलाई अराष्ट्रिय तत्व भनेर थुनाउने चलन थियो । त्यहाँ त्यस्तो केही भएनछ । बाघको मुखमा हात हालेको भनेर गाउँलेबाट स्यावासी पाएछन् ।

सिधा सादा मानिसले खुरुखुरु आफ्नो काम गरिरहँदा कुनै बेला समय र परिस्थितिले टाठा-बाठा मानिसलाई भन्दा बढी फाइदा गराउँछ । कुनै बेला टाठा मानिसले नै सोझा मानिसलाई बलिको बोका बनाएर आफूले फाइदा लिन खोज्दा सोझालाई नै फाइदा पुगेको हुन्छ । जुनसुकै समाजमा पनि टाठा मानिसहरुले समयअनुसार कारोबार गरेर छिट्टै प्रगति गर्दछन् । सिधासादा मानिसहरु सधैँ पछि पर्दछन् । समय सधैँ एकै नाशको हुँदैन । समय र परिस्थितीले टाठा मानिसलाई घाटा र सोझालाई फाइदा पुऱ्याएको हुन्छ । त्यस्तो परिणाम देखिएपछि मानिसहरुले "सोझाको दिन आउँछ"। लाटो खान्छ एक बल्ड्याङ् बाठो खान्छ तिन बल्ड्याङ् । लाटाको खुट्टा बाटामा । कौवा बाठो भएर गुह खान्छ, पाडो लाटो भएर दूध खान्छ भन्दछन् । यस्ता कुराहरु नेपाली समाजमा "उखान" को रुपमा पहिल्यैदेखि चल्दै आएका छन् । यस्ता उखानलाई चरितार्थ गर्ने व्यवहारहरु नेपाली समाजमा र आफ्नै वरपर प्रशस्तै भेटिन्छन् ।

२०३५ सालमा जग्गा नापी हुँदा मिर्मीका टाठा मानिसहरुले अवल खेतको तिरो धेरै लाग्ने बुझेर सबै खेतलाई दोयम र सिम बताएछन् । नापी गर्ने कर्मचारीहरुले एक दुई ठाउँमा अवल पनि देखाउनुपर्छ भनेछन् । त्यसपछि सोझा मानिसहरुको छेउछाउमा भएको खेतलाई अवल बताएर लालपुर्जा लिएछन् । २०५० सालमा कालीगण्डकी ए बिजुली परियोजना बन्दा लालपुर्जा हेरेर मुआब्जा दिएछ । सोझा मानिसको ढुङ्गे खेतको धेरै र टाठा मानिसको गैरी खेतको थोरै पैसा आएछ । बाटाको नजिकै घडेरी बेच्दा समेत ढुङ्गे जग्गा ग्राहकको रोजाइमा परेछ । आँधी मुहानसम्मका सोझा मानिसका खेत मात्र अवल देखिएछन् । सोझा मानिसले धेरै पैसा बुझेको देख्दा आफैँले अवल दोयम बताउने टाठा मानिसहरु रनाहामा परेछन् । केही मानिसले हाम्रो खेत कसैले लैजाँदैन फोकटमा सरकारलाई तिरो किन तिर्ने भनेर नापी नै गरेनछन् । मुआब्जाको पैसा पाएनछन् ।

२०४५/०५० सालसम्म पहाडमा खेत नहुने मानिसलाई छोरी दिँदैनथे । खेत धेरै हुनेहरु साहु हुन्थे । अन्न बेचेर लहना लाउने र फेरि जग्गा किन्ने गर्दथे । २०३५ सालको बहुदलको आन्दोलनपछि मधेस झर्ने चलन अलि बढेछ । त्यसपछि पाहाडका केही साहुहरु ४/५ जना मिलेर प्रत्येक वर्ष मधेश घुम्न झर्ने, आफन्तलाई भेट्ने जग्गाको भाउ बुझ्ने, होटलमा बसेर घ्यू र भात खाने र फर्कने गर्दा रहेछन् । पाहाड फर्केपछि त्यहाँका मानिसहरुलाई मधेशमा सुख पाइन्छ, खेत सस्तो पाइन्छ, भातै भात खान पाइन्छ, मैले फलानो ठाउँमा खेत किनेर आएँ, आइस्याल मधेश जाने हो भनेर अरुलाई सुनाउँदा रहेछन् । त्यसो गर्दा त्यहाँ थोरै जग्गा हुनेहरु मधेश झर्न खोज्ने र त्यही दाउ पारेर त्यहाँको जग्गा सस्तोमा आफूले खाँदा रहेछन् ।

तराईमा सुविधा बढ्दै र जग्गा महँगिदै गएपछि पहाडका जग्गा बिक्न छाडे । साहुहरुको जग्गा नबिकेको हुनाले मधेश झर्न पाएनन् । गाउँको अन्न समेत बिकेन । ५० सालपछि पहाडका खेतको सस्तो दाम गरेर केही साहुले बेचेर तराई झरे । त्यसबेला आफूले पठाएका मानिसको जग्गा धेरै र आफ्नो जग्गा थोरै भयो । केही साहुहरु हातमा पैसा पनि नहुने र जग्गा पनि नबिक्ने हुनाले रनाहामा परेर बसे ।

२०४२ सालमा गुल्मीमा एकजना पञ्चले एउटा सामान्य मानिसलाई धेरै नै अन्याय गरेछन् । गाउँलेहरु जम्मा भएको ठाउँमा कुनै प्रसंगमा त्यही कुरा निस्केछ । पञ्चले नै त्यसलाई त मैले आड अधार गरेको छु भनेको सुनेपछि अन्याय मा पर्नेलाई साह्रै रिस उठेछ । उनले एक्कासी चिच्याएर तैले के अधार गरेको छस्, तँ फटाहा होस्, सबैको छोरी बेचाहोस्, सबैको लुटेर खान्छस्, सबैसँग घुस खान्छस्, तँ गरिबमारा होस्, तैले गरिबलाई कहिलै उक्सन दिइनस् भनेर बेसरी गाली गरेछन् । दुबै जनाको भनाभन भएछ । उनले अझै गए यै ज्यान जाने हो जहाँ जानुपरे जाम्ला अन्याय सहनुभन्दा लडेर बाँचम्ला भनेछन् । त्यो कुरा वल्ला पल्ला गाउँमा समेत फैलिएछ । त्यस घटना पछि गाउँलेहरुले कि फलाना प्रधानको पालो गयो, कि फलानाको छोरो यती वर्षलाई जेल गयो भन्ने अनुमान गरेछन् । त्यसबेला पञ्चको विरोध गर्नेलाई जागिरे भए जागिर खोस्ने र अरुलाई अराष्ट्रिय तत्व भनेर थुनाउने चलन थियो । त्यहाँ त्यस्तो केही भएनछ । बाघको मुखमा हात हालेको भनेर गाउँलेबाट स्यावासी पाएछन् । अर्को वर्षको पञ्चायतको चुनावमा उनले चुनाव हारेछन् र नयाँ मानिसले चुनाव जितेछन् । फलानाले झगडा नगरेको भए अहिले पनि त्यही प्रधान हुन्थ्यो भन्ने कुरा गाउँलेले गरेछन् ।

२०२४/२५ सालमा महेन्द्र राजमार्ग बनेपछि बाटाको नजिकै खेत र घर भएका मानिसहरु सुरक्षित ठाउँ खोज्दै उत्तर र दक्षिण सर्न थालेछन् । टाठा मानिसहरुले सोझा मानिसलाई रक्सी खुवाउने र राजमार्ग मोहोडाको आफ्नो जग्गा दिएर बस्तीको जग्गा साटेछन् । धेरै जसोले समसाटे गरेछन् । टाठा मानिस परेमा कसैले डेढी र कसैले दुई गुनासम्म बाटाको जग्गा दिएछन् । सोझा मानिसको खेत जति राजमार्गको नजिकै परेछ । २०५० सालपछि घडेरी बेच्ने चलन आयो । फेरि आफ्नो धेरै खेत दिएर १ कठ्ठा घडेरी किने । ५०/५२ सालपछि प्लटिङको चलन आयो । राजमार्ग मोहोडाका खेतहरु सबै प्लटिङ्ग गर्नेहरुले महँगोमा किने । आफैँले दिएको जग्गा धेरै महँगोमा बिकेपछि टाठा मानिसहरु रनाहामा परे । २०५० सालपछि मात्र राजमार्गको जग्गाको भाउ बढ्यो ।

२०५५ सालमा गुल्मीमा बडिगाड खोलाको किनारको जग्गा आफूलाई पैसा चाहिएको हुनाले छिमेकीलाई मेरो खयर भएको खरबारी खाउ भनेछन् । मूल्य पनि अरुबेला भए ५० हजार पर्दथ्यो मलाई खाँचो परेको छ ४० हजारमा दिन्छु भनेछन् । त्यसमा पनि कुरा नमिलेर त्यसमा पनि कुरा नमिलेर जग्गा बिकेनछ । २०६० सालमा त्यही जग्गाबाट ५ लाखको खयर बेचेछन् । जग्गा आफैँसँग रहेछ । अरु साना खयरहरु हुर्कँदै गरेछन् ।

पञ्चायतको समयमा तीनजना केटाहरु मिलेर एउटी हेपिएको समुदायकी केटीको इज्जत लुटेछन् । केटीलाई गर्भ रहेछ । केटीको बाउले आफ्ना दाजुभाइसँग सल्लाह गरेपछि हामीले यिनीहरुसँग लड्न सक्दैनौ अलि अलि खर्च मागौं, जे हुनु भयो पछि अन्तै विहे गरिदिउँला भनेछन् । त्यसपछि तीनैजनासँग १/१ मुरी मकै माग्ने निधो गरेछन् । केटीको बाउले त्यही कुरा राख्दा २ जना साधारण मानिसका बाउले १/१ मुरी मकै तत्कालै दिएछन् । १ जना साहु र पञ्च समेत भएको हुनाले आफूलाई कसैले केही गर्न सक्दैन भनेर उल्टै गाली गरेछन् । बहुदल आएपछि सबै क्षेत्रमा अधिकारको कुरा चल्दा उनको पनि खोजी भएछ । केटा भागेको भाग्यै भएछ । अधिकारीहरुले भाग्ने मानिसकै नामबाट नागरिकता बनाएर अंश दिलाइ दिएछन् ।

एकजना साहुले आफ्नी मन नपरेकी स्वास्नीलाई पन्छाउन सधैँ गाली गर्ने र कुटपिट गर्दा रहेछन् । कुटपिटकै कारणले एकजना सोझो र गरिब मानिससँग पोइला गइछन् । जारी बुझ्ने बेलामा दुवैलाई भेट गराउने र मेलमिलाप गराउने चलन रहेछ । त्यसै बेलामा पहिलेको लोग्नेले यस्तो नाँगा र अत्खलासित तेरो जिन्दगी जान्छ रु के देखेर यस्तासित आइस र भनेर सोधेछन् । जवाफमा श्रीमतीले तेरो धन सम्पती मलाई कहिल्यै काम लागेन, तैले पनि कहिल्यै माया गरिनस् । मैले सोझो देखेर नै आएकी हुँ, यसले मलाई माया गर्छ, मैले भनेको मान्छ खुरुखुरु काम गर्छ । मैले कारवार गर्छु र घरको व्यवस्था मिलाउँछु । हाम्रो जिन्दगी खुसीले र सुखले जान्छ भनेर जवाफ फर्काइछन् ।

# नेपालमा थिति कसरी बसाल्ने ?



बालकृष्ण पोखरेल

नेपाल आज पूर्वाधार निर्माणको मात्र होइन, प्रणाली निर्माणको पनि निर्णायक मोडमा उभिएको छ ।

प्रविधिको विस्तार र आर्थिक विकाससँगै अब बलियो संस्था, स्पष्ट प्रक्रिया र प्रणालीमा आधारित कार्यसंस्कृति निर्माणलाई पनि समान प्राथमिकता दिनुपर्ने भएको छ ।

विकासका लागि सडक, पुल, भवन र प्रविधि आवश्यक छन् । तर यी सबैलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउने आधार भनेको बलियो प्रणाली, जबाफदेही संस्था र नागरिकले विश्वास गर्न सक्ने शासन व्यवस्था हो । एकातिर नेपालमा सूचना प्रविधिको विस्तार, डिजिटल बैंकिङ, क्युआर कोडबाट हुने भुक्तानी, अनलाइन सरकारी सेवा र इन्टरनेट पहुँच बढिरहेको छ । अर्कोतिर सार्वजनिक सेवा प्रवाह, सुशासन, कानुन कार्यान्वयन, पारदर्शिता र संस्थागत उत्तरदायित्व प्रति नागरिकको असन्तुष्टि अझै कायम छ ।

यस्तो अवस्थामा एउटा महत्वपूर्ण प्रश्न उठ्छ– नेपाललाई नयाँ कानुन चाहिएको हो वा भएका कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रणाली ? मेरो विचारमा नेपालका धेरै समस्या कानुनको अभावका कारण होइनन् । मुख्य चुनौती कमजोर प्रणाली, अस्पष्ट जिम्मेवारी, असंगठित प्रक्रिया, कमजोर अनुगमन र कार्यान्वयन संस्कृतिको कमी हो । म हाल बेलायतमा प्रणाली विश्लेषकका रूपमा कार्यरत छु । यहाँका सार्वजनिक तथा निजी संस्थाहरूमा काम गर्दा मैले एउटा महत्वपूर्ण सत्य अनुभव गरेको छु ।

बलियो प्रणालीले औसत क्षमताका व्यक्तिबाट पनि उत्कृष्ट परिणाम निकाल्न सक्छ, तर कमजोर प्रणालीले उत्कृष्ट व्यक्तिको क्षमतालाई समेत सीमित बनाउँछ ।

हामी प्रायः भन्ने गर्छौं, 'देशमा थिति छैन ।'

**तर थिति भनेको वास्तवमा के हो ?**

थिति भनेको व्यक्ति परिवर्तन हुँदा पनि काम नरोकिने व्यवस्था हो । जहाँ निर्णय कुनै व्यक्तिको प्रभाव वा इच्छामा होइन, स्पष्ट प्रक्रिया, कानुन र संस्थागत जिम्मेवारीमा आधारित हुन्छ, त्यहाँ थिति हुन्छ । यदि कुनै कार्यालय प्रमुख परिवर्तन हुँदा सम्पूर्ण निर्णय प्रक्रिया प्रभावित हुन्छ भने त्यो संस्था व्यक्तिमा आधारित छ ।

सरकार परिवर्तनसँगै दीर्घकालीन योजना र प्राथमिकता परिवर्तन भइरहन्छ भने त्यो प्रणाली अझै परिपक्व भएको मान्न सकिँदैन । बेलायतमा काम गर्दा मैले नजिकबाट अनुभव गरेको एउटा कुरा के हो भने, यहाँ धेरैजसो सार्वजनिक सेवा व्यक्तिको इच्छामा मात्र निर्भर हुँदैनन् । ती स्थापित प्रक्रिया, डिजिटल अभिलेख र स्पष्ट जिम्मेवारीमा आधारित हुन्छन् ।

स्वास्थ्य सेवाजस्ता क्षेत्रमा बिरामीको जानकारी, सेवा प्रक्रिया र जिम्मेवारी प्रणालीमार्फत् नै सञ्चालन हुन्छ, त्यसैले कर्मचारी परिवर्तन भए पनि सेवा रोकिँदैन ।

कुनै पनि प्रणाली पूर्ण हुँदैन; बेलायतमा पनि ढिलाइ र सुधार गर्नुपर्ने क्षेत्र छन् । तर व्यक्तिलाई मात्र दोष दिनेभन्दा प्रणाली कहाँ कमजोर भयो भनेर खोज्ने संस्कार यहाँ बलियो छ ।

नेपालले बेलायतको सबै कुरा अनुकरण गर्न आवश्यक छैन । तर प्रक्रिया, उत्तर दायित्व र प्रणालीगत सोचलाई आफ्नो आवश्यकता अनुसार अपनाउन सकिन्छ । यसका लागि ठूलो बजेटभन्दा स्पष्ट डिजाइन, दीर्घकालीन सोच र कार्यान्वयनप्रतिको अनुशासन आवश्यक हुन्छ ।

प्रत्येक देशको इतिहास, राजनीतिक संरचना र प्रशासनिक आवश्यकता फरक हुन्छ । त्यसैले कुनै पनि मोडेल जस्ताको तस्तै नक्कल नगरिकनै आफ्नो सन्दर्भ अनुसार उपयुक्त प्रणाली निर्माण गर्न सकिन्छ । नेपालमा धेरै परियोजनाहरू राम्रो उद्देश्यका साथ सुरु हुन्छन् । उद्घाटन हुन्छ, केही समय काम गर्छन्, तर केही वर्षपछि कमजोर वा निष्क्रिय हुने समस्या देखिन्छ ।

नियमित मापन, प्रतिक्रिया, सुधार र अनुकूलन बिना कुनै पनि प्रणाली समयसँगै कमजोर हुँदै जान्छ । साथै, धेरै संस्थामा ज्ञान र अनुभव व्यक्ति केन्द्रित हुन्छ, र कर्मचारी परिवर्तन हुँदा महत्वपूर्ण जानकारी हराउने अवस्था आउँछ ।

त्यसैले दस्ताबेजीकरण, ज्ञान हस्तान्तरण र संस्थागत स्मृति विकास आवश्यक छ । नेपालले डिजिटल क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । अबको चरण केवल डिजिटल सेवा सुरू गर्ने मात्रै होइन, त्यसलाई सुरक्षित, भरपर्दो र नागरिकमैत्री बनाउने हो ।

हामीलाई एकीकृत डिजिटल नागरिक सेवा, सुरक्षित डिजिटल परिचय प्रणाली, सरकारी निकायबिच सुरक्षित डेटा आदानप्रदान, कागजरहित प्रशासन र प्रभावकारी डिजिटल गुनासो व्यवस्थापन आवश्यक छ ।

जस्तै, राष्ट्रिय परिचयपत्रजस्ता आधारभूत डिजिटल पूर्वाधारलाई नागरिक सेवा, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षासँग सुरक्षित रूपमा जोड्न सके नागरिकले उही विवरण बारम्बार बुझाउनु पर्ने झन्झटबाट मुक्ति पाउँछन् । यसका लागि कुनै विदेशी मोडेल जस्ताको तस्तै सार्नुपर्दैन । कृत्रिम बुद्धिमत्ताको जिम्मेवार प्रयोगले सेवा स्वचालन, नागरिक सहायता र तथ्यमा आधारित नीति निर्माणमा नयाँ सम्भावना पनि खोल्न सक्छ ।

यस्तो एकीकरण नै वास्तविक डिजिटल रूपान्तरण हो, छुट्टाछुट्टै एपहरूको संख्या होइन । नेपालमा कानुनभन्दा ठूलो चुनौती कार्यान्वयन हो । सेवा दिने समय, कार्यसम्पादन, गुनासो समाधान र उपलब्धिहरू सार्वजनिक गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रणमा पनि केवल कानुन पर्याप्त हुँदैन । डिजिटल खरिद प्रणाली, इलेक्ट्रोनिक फाइल ट्र्याकिङ, अनलाइन अनुमोदन प्रक्रिया, डिजिटल भुक्तानी र नियमित लेखा परीक्षणजस्ता उपायहरूले अनावश्यक मानवीय हस्तक्षेप घटाउँछन् र पारदर्शिता बढाउँछन् । जब हरेक निर्णय, भुक्तानी र फाइलको गति डिजिटल रूपमा ट्र्याक हुन्छ, गोप्य रूपमा गरिने अनियमितता कठिन बन्दै जान्छ ।

राष्ट्र निर्माण पाँच वर्षको राजनीतिक चक्रभन्दा माथिको सोच हो । सरकार परिवर्तन भए पनि राष्ट्रिय प्राथमिकता, संस्थागत संरचना र दीर्घकालीन योजनामा निरन्तरता आवश्यक हुन्छ । शिक्षादेखि प्रशासनसम्म प्रणालीगत सोच विकास गर्नुपर्छ। विद्यालय तहबाटै समस्या समाधान गर्ने क्षमता, विश्लेषणात्मक सोच, डिजिटल सीप र नागरिक उत्तरदायित्वलाई प्राथमिकता दिनुपर्छ । सार्वजनिक प्रशासनमा डिजिटल शासन, साइबर सुरक्षा र आधुनिक व्यवस्थापनसम्बन्धी निरन्तर क्षमता विकास आवश्यक छ ।

थिति सरकारले मात्र बसाल्दैन, नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ, नियम पालना गर्ने, कर तिर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, घुस नदिने र सार्वजनिक संस्थालाई उत्तरदायी बनाउन सकारात्मक दबाब सिर्जना गर्ने संस्कार विकास गर्नुपर्छ ।

नेपालले आगामी दशकलाई सुशासन र डिजिटल रूपान्तरणको दशक बनाउन केही आधारभूत सुधार आवश्यक छन् । सार्वजनिक संस्थामा प्रक्रिया दस्ताबेजीकरण अनिवार्य गर्ने, नयाँ नीति र परियोजनाअघि प्रणाली विश्लेषण गर्ने, साइबर सुरक्षा र डेटा संरक्षणलाई प्राथमिकता दिने, कर्मचारीको क्षमता विकासमा लगानी गर्ने, र राष्ट्रिय महत्वका परियोजनालाई राजनीतिक परिवर्तनभन्दा माथि राख्ने ।

यसको सुरुआत कुनै एउटा स्थानीय सेवा, जस्तै जन्म दर्ता, सिफारिस पत्र वा व्यवसाय दर्तालाई पूर्णरूपमा डिजिटाइज गरी नमूना परियोजनाका रूपमा विकास गरेर गर्न सकिन्छ । सफल भएपछि त्यसलाई क्रमशः अन्य निकायमा विस्तार गर्न सकिन्छ । नेपालसँग सम्भावना छ । दक्ष युवा छन्, प्रविधि छ, र विश्वसँग प्रतिस्पर्धा गर्ने क्षमता पनि छ ।

बेलायतमा काम गर्दाको मेरो अनुभवले एउटा कुरा स्पष्ट सिकाएको छ– प्रणाली रातारात बन्दैन, तर एक पटक बलियो प्रणाली निर्माण भएपछि त्यसले पुस्तौंसम्म लाभ दिन्छ । राष्ट्र निर्माण ठूलो घोषणाबाट होइन, राम्रोसँग डिजाइन र मापन गरिएको प्रणाली र यसको निरन्तर अनि समय सापेक्ष सुधारबाट सुरु हुन्छ । विकास केही असाधारण व्यक्तिको क्षमताले मात्र होइन, लाखौं नागरिकले भरोसा गर्न सक्ने बलिया संस्थाहरूले सम्भव हुन्छ ।

राज्य निर्माण गर्नु भनेको नयाँ कानुन बनाउने मात्र होइन; यो कानुन समान रूपमा कार्यान्वयन गर्ने, संस्थाहरूलाई सुदृढ पार्ने र नागरिकहरूले विश्वास गर्न सक्ने प्रणाली निर्माण गरिनु पनि हो । बलियो, निष्पक्ष र नागरिकमैत्री प्रणाली समृद्ध नेपालको वास्तविक जग हुन सक्छ । सेतो पाटीबाट

# नेप्से परिसूचक

## १४ दशमलव १७ अङ्कले बढ्यो



काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बिहीबार दोहोरो अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १४ दशमलव १७ अङ्कले बढेर दुई हजार ७२६ दशमलव १७ मा पुगेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ९८ अङ्कले बढेर ४७१ दशमलव ३० मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ७३ अङ्कले बढेर १८६ दशमलव ५८ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक शूल्य दशमलव २९ अङ्कले बढेर १५९ दशमलव ७३ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड ७७ हजार २२२ कित्ता सेयर रु चार अर्ब ६९ करोड ३४ लाख ४९ हजार ३७० मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये ११ उपसमूह बढ्दा दुई वटा घटेका छन् । १५३ कम्पनीको सेयर कारोबार बढेको छ भने १११ कम्पनीको सेयर घट्नुका साथै १२ कम्पनीको सेयर स्थिर रहेको हो ।

नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, स्नो रिभर लिमिटेड र अपोलो हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् । त्यस्तै, कुथेली बुखरी स्मल हाइड्रोपावर, रिलाइन्स स्पिनिङ मिल्सकालगायत कम्पनीका लगानीकर्ताले गुमाएका छन् ।

# यसरी सम्भव छ बाह्रैमास पर्यटन



**राम थापा**

*गण्डकी*

कुनैताका वर्षायाम र मध्य जाडोमा पोखरामा पर्यटकीय गतिविधि शून्य प्रायः हुन्थ्यो। पोखराको निर्भरता मौसमी पर्यटनमा थियो। यहाँको पर्यटन बजारलाई 'सिजन' र 'अफसिजन'मा छुट्ट्याउने गरिन्थ्यो। अहिले पोखराको पर्यटन कुनै याममा मात्र सीमित छैन। 'सबै मौसममा पर्यटन'को लक्ष्यतर्फ पोखरा अग्रसर छ। अहिले वर्षात्को बेला छ। पर्यटन व्यवसायी यसलाई 'अफसिजन' भन्न नहुने तर्क गर्छन्। पछिल्लो समय पर्यटक कम आउने यामलाई 'लो-सिजन' र मुख्य पर्यटकीय यामलाई 'हाइ-सिजन' भन्ने गरिएको छ।

पहिलेपहिले वर्षायाम (असार-भदौ) र मध्यजाडो (पुस-माघ)लाई पर्यटनमा 'अफसिजन' मानिन्थ्यो। त्योबेला पोखराको लेकसाइडमा प्रायः होटल, रेष्टुराँ बन्द हुन्थे। व्यवसायीले कर्मचारी/कामदारलाई बिदा दिन्थे। विदेशी पर्यटक देख्नु/भेट्नु दुर्लभ जस्तै थियो तर अहिले त्यही याममा लेकसाइडका होटलको 'अकुपेन्सी' २० प्रतिशतसम्म छ। 'हाइ-सिजन'मा भने यो दर ९५ प्रतिशतसम्म पुग्ने गरेको छ। होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीका भनाइमा निजी क्षेत्र, राज्यका निकायलगायत सबैको साझा प्रयासमा पोखराको पर्यटन यहाँसम्म आइपुगेको हो।

"मैले नै होटल व्यवसाय सुरु गर्दा वर्षात् र जाडो याममा लेकसाइड झण्डै बन्दै जस्तो हुन्थ्यो, कतिपय होटल घरका सदस्य मात्रले चलाउँथे, स्तरीय होटल खुलिसकेका थिएनन्", उनले भने-"बाह्रैमास पर्यटकीय गतिविधि हुन थालेपछि होटलमा लगानी थपियो, रोजगारी पनि बढ्यो, अहिले पोखराको पर्यटन क्षेत्रमा आठ खर्ब बराबरको लगानी रहेको अनुमान छ।" वर्षायाममा होटलको 'अकुपेन्सी' २० प्रतिशतसम्म हुनुलाई सन्तोषजनक मान्नुपर्ने अध्यक्ष सुवेदीले बताए। गर्मी छल्न आउने भारतीयसहित विदेशी र आन्तरिक पर्यटकका कारण 'लो-सिजन'मा पनि पोखराको पर्यटन केही चलायमान भएको उनको भनाइ छ।

हरेक मौसममा पोखरामा हुने पर्यटकीय गतिविधिले 'बाह्रमासे पर्यटन'लाई टेवा दिइरहेको अध्यक्ष सुवेदीले बताए। असार १५ को रोपाइँ महोत्सवदेखि नयाँ वर्षका बेला हुने सडक महोत्सवसम्मले पोखरामा पर्यटकलाई आकर्षित गर्ने गरेको उनको भनाइ छ। "यस्तो बर्खामा पनि पोखरामा प्याराग्लाइडिङ भइरहेको छ, लेकसाइडमा भारतीयसहित तेस्रो मुलुकका पर्यटक पनि ओहोरदोहोर गरिरहेको देख्न सकिन्छ", अध्यक्ष सुवेदीले भने-"यसले पोखराको पर्यटन बजार बाह्रैमास चल्छ भन्ने देखाएको छ।"

पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले नेपाल हरेक याममा घुम्नलायक गन्तय हो भन्ने सन्देश पोखराले दिइरहेको बताए। मनसुन यामलाई लक्ष्य गरी पर्यटन प्रवर्द्धनका गतिविधि गर्न सके यो बेला पोखरामा थप पर्यटक भित्र्याउन सकिने उनको भनाइ छ। "गर्मी छल्न र मनसुनमा घुम्न रुचाउने भारतीयसहित गर्मी भूभागमा बस्ने आन्तरिक पर्यटकलाई पनि यो बेला पोखरा ल्याउने योजना बनाउनुपर्छ", उनले भने-"यसका लागि पोखरासम्मको हवाई सञ्जाल विस्तार, स्तरीय सडक यातायात र पर्यटकीय पूर्वाधार निर्माणमा राज्यले लगानी बढाउनुपर्छ।"

पर्यटकीय राजधानी पोखरालाई बाह्रैमास उत्तिकै चलायनमान गराउने गरी नीतिगत र संरचनागत प्रबन्ध गर्नुपर्नेमा उनको जोड छ। "पोखराको पर्यटनमा जुन स्तरमा लगानी भएको छ, त्यही रुपमा निजी क्षेत्रले लाभ उठाउन सकिरहेको छैन", परिषद्का पूर्वअध्यक्ष श्रेष्ठले भने- "राज्यले पनि निजी क्षेत्रलाई प्रोत्साहन हुने गरी नीति तथा कार्यक्रम ल्याउनुपर्छ, पर्यटन विकासमा सबैको ऐक्यबद्धता र अठोट चाहिन्छ।" उनले मुस्ताङ, मनाङजस्ता ठाउँमा मनसुन याम केन्द्रित पर्यटकीय गतिविधि हुन सकेमा पर्यटक आकर्षित गर्न सकिने बताए।

"पर्यटकका लागि सुरक्षा पहिलो शर्त हुने भएकाले गन्तव्यसम्म जाने सडक सुरक्षित र व्यवस्थित हुन सकेमा जुनसुकै मौसममा पनि पर्यटक आउँछन्", उनले भने-"वर्षायाममा पनि पूर्वाधार, बाटाघाटो सुरक्षित छन्, यातायात सेवा प्रभावित हुँदैन भन्ने सुनिश्चित चाहिँ राज्यले गर्नुपर्छ।" नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले धेरै गर्मी हुने भारतसहित मध्यपूर्वी देशका पर्यटकलाई यस याममा नेपाल भित्र्याउन सके पर्यटन क्षेत्र थप चलायमान हुने जनाए।

"धेरै कम पानी पर्ने र अत्यधिक गर्मी हुने मध्यपूर्वका देशबाट पर्यटक पोखरामा ल्याउन सकियो भने उनीहरुले यहाँ बटुल्ने अनुभव पक्कै अद्भूत खालको हुन्छ", उनले भने-"मनसुन पदयात्रामार्फत पनि पर्यटकलाई पोखरादेखि नजिकका गन्तव्यमा पुर्‍याउन सकिन्छ।" वर्षात्का बेला बेग्लै देखिने भूगोलको परिदृश्य, छिनछिनमा फेरिइरहने मौसम, हरिया डाँडापाखा, लेकतिर फुल्ने बुकीफूल, ग्रामीण जनजीवन आदिले यो याममा पर्यटकलाई आकर्षित गर्ने प्रमुख लामिछानेले बताए।

"झरी परिरहेका बेला छाता ओढाएर पर्यटकलाई हिँडाउन सकिन्छ, हिलोमा खेलिने विभिन्न खेल गतिविधिमा पनि पर्यटकलाई भुलाउन सकिन्छ", उनले भने- "कोही पर्यटक झरीमा ड्राइभिङ गर्न रुचाउने खालका हुन्छन्, तिनका लागि पनि पोखरा उपयुक्त गन्तव्य बन्न सक्छ।" वर्षात्को याममा प्रकृतिको बेग्लै अनुभूति बटुल्न पाइने हुँदा सौखिन र खर्चालु पर्यटक मनसुन पदयात्रामा बढी लालायित हुने गरेको उनको भनाइ छ। उनले पोखरा मात्र नभएर नेपालका अधिकांश गन्तव्यमा बाह्रैमास पर्यटक पुर्‍याउन सकिने बताए।

"मुख्य रुपमा भारतीय पर्यटकलाई लक्षित गर्नुपर्छ, यसवर्ष अहिलेसम्मकै धेरै भारतीय पर्यटक पोखरा आए, नेपालीहरुमा पनि घुम्ने संस्कृति बढ्दो छ", उनले भने-"पर्यटन बोर्डले पनि निजी क्षेत्रसँग मिलेर पर्यटन प्रवर्द्धनका काम गरिरहेको छ, तर यो पर्याप्त छैन, राज्यसँग पनि स्रोतसाधनको कमी छ।" ट्रेकिङ ऐजेन्सिज एसोसियसन अफ नेपाल (टान), गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले सम्भावना भएर पनि नेपालमा मनसुन याम केन्द्रित पर्यटकीय गतिविधि खासै हुन नसकेको जनाए।

डोल्पा, मनाङ, मुस्ताङलगायत उपल्लो भेगमा यस याममा पनि पदयात्राका गतिविधि सञ्चालन गर्न सकिने उनको भनाइ छ। "पर्यटनलाई बाह्रैमास चलायनमान बनाउने गरी नीति र प्रवर्द्धनका कार्यक्रम ल्याउनु आवश्यक छ, निजी क्षेत्रले मात्र चाहेर हुँदैन, यसमा सरकारले नै पहल लिनुपर्छ", उनले भने-"मनसुनमा पनि घुमफिर गर्न रुचाउने, आनन्द लिने पर्यटक हुन्छन्, तर उनीहरुलाई आकर्षित गर्न सकिएको छैन।" उच्च पहाडी र हिमाली भेगमा कम पानी पर्ने भएकाले यो याममा पदयात्रा गर्न कुनै समस्या नहुने उनको भनाइ छ।

यातायातको सहज सुविधा नहुँदा र प्रवर्द्धन नभएका कारणले मनसुन याममा पर्यटकीय गतिविधि न्यून हुने गरेको अध्यक्ष आचार्यले बताए। "वर्षायाम भनेपछि पानी पर्छ, बाटाघाटो बिग्रन्छ, हिमाल खुल्दैन भन्ने भाष्य बनेकाले पनि पर्यटकीय गतिविधि कम हुने गरेको छ", उनले भने-"यही याममा आधारित पर्यटन गतिविधि सञ्चालन गर्न सकिन्छ, तर यसमा सम्बद्ध निकायको चासो कम देखिन्छ।"

**मनसुनमा घुमघाम**

वर्षायाममा मानिसहरु हत्तपत्त घुमफिरमा निस्कँदैनन। सामान्यतया यो बेला पर्यटकीय गतिविधि न्यून हुने गर्छन्। तर केही यस्ता गन्तव्य छन्, जहाँको पर्यटन यही याममा बढी चलायमान हुन्छ। मनसुन पदयात्रामा बढ्दो आकर्षणले कास्कीको कोरी, बागलुङको ढोरपाटन, पूर्वीरुकुमको चुङ्गीबुकीलगायतका गन्तव्यमा मध्यबर्खामा पनि पर्यटकीय चहलपहल बढेको हो।

उच्च पहाडी भेगका पाटन र खर्कमा फूल्ने बुकीफूल, लेकाली जनजीवन, वर्षात्मा हरियै देखिने डाँडापाखा, रिमझिम वर्षा र बादलभित्र लुकामारी खेल्ने हिमालको सौन्दर्य नियाल्न पदयात्रीहरु मनसुन पर्खिरहेका हुन्छन्। यो याममा गरिने घुमफिरको अनुभव बेग्लै खालको हुने बताउनुहुन्छ, पदयात्री सन्दीप शर्मा। हालै पूर्वीरुकुमको भूमे गाउँपालिका-१ स्थित चुङ्गीबुकी पुगेर फर्किएका उनले त्यहाँका पाटनमा फूल्ने रङ्गीचङ्गी भूइँफूलले पर्यटकलाई लोभ्याउने गरेको बताए।

"फूलैफूलले ढाकिएका पाटन, भैँडीगोठ र नजिकबाट नियाल्न सकिने हिमाली सौन्दर्य यहाँका मुख्य आकर्षण हुन्", उनले भने-"छोटो दुरीको पदयात्रापछि पुग्न सकिने भएकाले पनि चुङ्गीबुकीमा पर्यटकको आउजाउ बढेको हो।" बागलुङ र पूर्वीरुकुमको सीमास्थल पातीहाल्नेदेखि पाँच किमिको पदयात्रामा चुङ्गीबुकी पुग्न सकिने शर्माले बताए। यो बेला चुङ्गीबुकी, बागलुङको ढोरपाटनलगायत क्षेत्रमा देखिएको पर्यटकीय चहलपहलले नेपाल हरेक याम घुम्नका लागि उपयुक्त गन्तव्य हो भन्ने प्रमाणित गरेको उनको भनाइ छ।

मनसुन पदयात्रामा जाँदा विशेष रुपमा चनाखो हुनुपर्ने र सोही अनुसारको बन्दोबस्ती मिलाउनुपर्ने शर्माको सुझाव छ। बाढीपहिरोको जोखिम हुने भएकाले मौसमसम्बन्धी पूर्वसूचना र चेतावनीको सधैँ ख्याल गर्नुपर्ने उनको भनाइ छ। पोखराकी यात्रा ब्लगर दिव्या ढकाल पर्यटकले मनसुन याममा चुङ्गीबुकी, ढोरपाटनजस्ता गन्तव्य रोज्नुमा बुकीफूल र भैँडीगोठको आकर्षण मुख्य रुपमा जोडिएको बताउँछिन्।

"ढोरपाटन उपत्यका र बुकी क्षेत्रमा पाइने थरीथरीका फूल, भैँडीगोठ र रमणीय भू-बनोटले जोकोहीलाई लोभ्याउने गर्छ", उनले भनिन्-"यात्रामा एकैठाउँमा २५ सय/तीन हजारसम्मको भैँडीगोठ र गोठालाको दिनचर्या नियाल्न पाइन्छ।" चार हजार मिटरमाथिसम्म विशाल क्षेत्रमा फैलिएका हरिया पाटन र खर्कले यो याममा बुकीको आकर्षण बढाउने गरेको छ।

ढोरपाटन उपत्यका पनि अहिले रङ्गीचङ्गी भूइँफूलले सजिएको छ। चार/पाँच वर्षयता मनसुन याममा ढोरपाटन घुम्ने पर्यटकको संख्या बढेको छ। फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालले पनि ढोरपाटन र बुकी क्षेत्रको प्रचारप्रसारमा व्यापकता ल्याएको हो। विशेषगरी शरद र वसन्त ऋतुमा बढी पर्यटकीय गतिविधि हुने गरेकामा पछिल्लो समय मनसुन याममा पनि पदयात्रामा जाने क्रम बढ्नुले नेपाल पर्यटनका लागि हरेक मौसममा उपयुक्त छ भन्ने देखाएको छ।

कास्कीको मादी गाउँपालिका-१ मा पर्ने कोरी पनि मनसुन पदयात्रा लागि रोजाइको गन्तव्य हो। पर्यटकीय गाउँ सिक्लेसबाट पदयात्रा सुरु गरी अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै ३८ सय मिटरको कोरी लेक पुग्न सकिने सिक्लेसस्थित नमस्ते गेष्टहाउसका सञ्चालक झरना गुरुङले बताइन्। "दुई दिनमा कोरीको पदयात्रा पूरा गर्न सकिन्छ, विशेषगरी मनसुन याममा यहाँ पर्यटकहरु घुम्न आउँछन्", उनले भनिन्-"यो बेला फूल्ने थरीथरीका फूल, नजिकै देखिने हिमाली दृश्य र छिनछिनमा फेरिइरहने मौसम कोरी ट्रेकको आकर्षण हो।"

**पर्यटक आगमनमा नयाँ रेकर्ड**

पोखराको वरपरमा पर्ने अन्नपूर्ण संरक्षण क्षेत्रमा गत आवमा अहिलेसम्मकै धेरै पर्यटक भित्रिनुले पनि यस क्षेत्रको पर्यटकीय सम्भावनालाई उजागर गरेको छ। सो अवधिमा पाँच लाख आठ हजार चार सय ७६ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए। आव २०८१/८२ को तुलनामा गत आवमा झण्डै दोब्बर बढी पर्यटक आएको संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो। आव २०८१/८२ दुई लाख ७८ हजार एक सय १३ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए।

सबैभन्दा धेरै तीन लाख ७५ हजार सात सय ९७ भारतीय, दोस्रोमा चिनियाँ १२ हजार पाँच सय ३९ र तेस्रोमा अमेरिकाका नौ हजार आठ सय ८४ पर्यटक यस क्षेत्रमा आएका हुन्। एक सय ६९ देशका पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएको आयोजना कार्यालयको आँकडाले देखाएको छ। यसमध्ये दक्षिण एसियाली मुलुकका तीन लाख ८४ हजार एक सय ४५ र अन्य मुलुकका एक लाख २४ हजार तीन सय ३१ रहेका छन्। गत जेठमा भारतसहित दक्षिण एसियाली देशका पर्यटकको संख्या झण्डै तीन सय प्रतिशतले वृद्धि भएको थियो।

भारतमा पोखरा, मुक्तिनाथलगायत यस क्षेत्रका गन्तव्यस्थलको पर्यटन प्रवर्द्धन हुनु, यातायातको सहजता, सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रसार आदि कारणले भारतीय पर्यटक बढेका हुन्। तीमध्ये अधिकांश गर्मी छल्न पोखरा आउने गर्छन्। पोखरा आएकामध्ये झण्डै ४० प्रतिशत मुक्तिनाथ दर्शनमा जाने गरेका छन्। पदयात्राका लागि विभिन्न गन्तव्यमा जाने अन्य मुलुकका पर्यटकले पनि केही समय पोखरामा बिताउने गरेका छन्।

# चार लाख भारतीय रकमसहित पक्राउ




नेपालगञ्ज। प्रहरीले अवैध कारोबारमा संलग्न भएका आरोपमा नेपालगञ्जस्थित बसपार्क क्षेत्रबाट एक जनालाई पक्राउ गरेको छ।

यहाँस्थित बसपार्कको न्यू लक्ष्मी होटेल एण्ड लजका कर्मचारी वीरबहादुर राउतलाई चार लाख भारतीय रुपैयाँसहित बुधबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी उपरीक्षक अङ्गुर जिसीले जानकारी दिए।

उनले बसपार्क क्षेत्रमा अवैध कारोबार भइरहेको छ भन्ने विशेष सूचनाका आधारमा ८०० थान भारतीय ५०० का नोटसहित राउतलाई पक्राउ गरी हिरासतमा लिइएको बताए। "लुकाएर राखेको अवस्थामा हामीले ती नोट फेला पारेका हौँ।"- प्रहरी उपरीक्षक जिसीले भने। भारतीय ५०० का नोट नेपालमा कारोबार गर्न प्रतिबन्ध लगाइएको प्रहरीको भनाइ छ।

उनले बसपार्कका होटेलबाट अवैध काम धेरै हुने गरेको गुनासो आएको उल्लेख गर्दै रावतमाथि नेपाल राष्ट्र बैंकको दफाबमोजिम कारबाही हुने जानकारी दिए। न्यू लक्ष्मी होटेल एण्ड लजका सञ्चालक धर्मराज बस्नेतले जाजरकोटबाट आएका छ जना ठेकेदारको जिम्मामा रहेका करिब ५० जना श्रमिकलाई भारतीय रुपैयाँ आवश्यक परेकाले रकम सङ्कलन गरी सटहीका लागि कर्मचारी राउतलाई पठाइएको जिकिर गरे।

**सरकारले...**

अख्तियारले सरकार वा मन्त्रीहरूको गैरकानूनी कामको छानबिन गर्ने संवैधानिक अधिकार पाएको उल्लेख गर्दै उनले त्यसको स्वतन्त्रतामाथि कुनै हस्तक्षेप हुन नहुने धारणा राखे।

उनले अख्तियारलाई अझ प्रभावकारी बनाउन आवश्यक परे यसको संरचना परिवर्तन गर्न र त्यसका लागि संविधान संशोधन गर्नसमेत नेपाली कांग्रेस तयार रहेको बताए। 'हामीलाई बलियो, प्रभावकारी र दलगत हस्तक्षेपबाट मुक्त अख्तियार चाहिएको छ', उनले भने- 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षमता बढाउनका निम्ति यसको संरचना बदल्ने हो, हामी तयार छौं। संरचना बदल्नका निम्ति संविधानले बाधा हाल्छ भने, संविधान बदल्ने हो। सरकारको संख्यामा संख्या थप्न हामी तयार छौं।'

सभापति थापाले कांग्रेस सरकारमा रहेको स्थानीय तह र प्रदेश सरकारहरूले पनि आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्ने उल्लेख गर्दै संघीय संसद्मा भने कांग्रेसले प्रतिपक्षको भूमिका सशक्त रूपमा निर्वाह गरिरहेको बताए।

उनले कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेको नेतृत्वमा सांसदहरूले नागरिकका जीवनसँग प्रत्यक्ष जोडिएका विषयहरू संसदमा निरन्तर उठाइरहेको उल्लेख गर्दै अब संविधान, विधिको शासन र सुशासनका प्रश्नमा सरकारलाई थप जवाफदेही बनाउनुपर्ने आवश्यकता औंल्याए। सभापति थापाले आगामी स्थानीय तह र प्रदेश सरकारबारे केही नेता समेतले आफूलाई तर्साउने गरेको भन्दै चुनावबाट नतर्सने बताएका छन्। आफ्नो पार्टी सत्तासँग भन्दा पनि समाज र सिद्धान्तसँग अघि बढ्ने उनको जिकिर थियो।

'शक्तिको प्रतिस्पर्धा मात्रै राजनीति होइन, सत्ताको प्रतिस्पर्धा मात्रै राजनीति होइन। किनभने हामीलाई यही कुरा बीपी कोइरालाले सिकाउनुभएको हो,' थापाले भने- 'मलाई कतिपय साथीहरूले तर्साउन खोज्नुहुन्छ, कहिलेकाहिँ नेताहरूले पनि तर्साउन खोज्नुहुन्छ। हेरौंला स्थानीय चुनाव भन्नुहुन्छ, हेरौंला प्रदेशको चुनाव भनेर भन्नुहुन्छ। हामी बीपी कोइरालाको कार्यकर्ताहरू हौं। हामी एउटा चुनावबाट मात्तिहाल्ने र एउटा चुनावबाट आत्तिहाल्ने होइनौं।'

चुनाव हारिएला भनेर आस्थासँग सम्झौता गर्ने पार्टीको कार्यकर्ता आफूहरू नभएको गगनको भनाइ छ। 'हामी चुनाव हारिएला, नजितिएला भनेर आस्थासँग सम्झौता गर्दै सोसाइटी र सिद्धान्तले नमान्ने गठबन्धनको राजनीति बोक्ने कांग्रेस होइन यो,' उनले भने, 'चुनावको सामना गर्छौं हामी। हाम्रा लागि प्राइमरी कुरा भनेको नागरिकको विश्वास र भरोसा हो। त्यसका लागि हामीले सत्तासँग होइन समाजसँग जोडिएको कांग्रेस बनाउनुपर्ने छ।'

**पञ्चायतमा ...**

यहाँ हाम्रो देशमा पनि के भयो भनेर बोल्नलाई जिब्रो चपाइरहनुपर्दैन। भदौ २३/२४ गते जुन खालको मार्ने मराउने, आगजनी गराउने, नेपालको इतिहासमा कल्पना गर्नै नसक्ने घटना घटाइयो,' ओलीले भने- 'माओवादीले सत्ताकब्जा गर्न हिंसात्मक बाटो रोज्यो तर समाजलाई भयमा राख्ने क्रियाकलाप गरेन।'

उनले तत्कालीन माओवादीले भन्दा धेरै हिंसात्मक बाटो रोजेर सत्ता कब्जा गरिएको आरोप लगाए। जेनजी आन्दोलनपछि वैधानिक सरकारलाई अवैध ततरिकाले क्रियाकलाप गरिएको उनको भनाइ छ। 'वैधानिक सरकारलाई अवैध आतंकपूर्ण अपराधि कृयाकलाप गरियो। संविधानको धाराले जुन कुरा हुँदैन भन्छ त्यही पूर्वप्रधानन्यायाधीशको अगुवाइमा गरियो,' उनले भने-'अवैध सिफारिसमा जननिर्वाचित संसद् भंग गर्ने काम भयो असंवैधानिक तरिकाले।'

त्यस्तै उनले अहिले लोकतन्त्र खतरामा परेको टिप्पणी पनि गरे। 'लोकतन्त्र कहाँ छ अहिले? लोकतन्त्र अपरण भएको छ। लोकतन्त्र वापसी चाहिएको छ।'- उनले भने। ओलीले नयाँ र पुराना राजनीतिक दलको विषयमा भइरहेको टिप्पणीबारे आपत्ति जनाएका छन्।

काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले नयाँ र पुराना पार्टीको नाममा द्वन्द्व सिर्जना गर्ने काम भइरहेको भन्दै आपत्ति जनाएका हुन्।

'यहाँ नयाँ र पुराना दलको भाष्य गलत छ। धर्मका नाममा फुटाउन पनि खोजिएको थियो। अहिले नयाँ र पुरानाको विभाजन गर्न खोजिएको छ। घरघरमा विभाजन हुने भयो। बाउ-आमा र छोराछोरीबिच हुने भयो,' उनले भने- 'अमेरिकामा कुनकुन पार्टी छन्? डेमोक्रेटिक र रिपब्लिकन पार्टी होइनन्? पार्टी पुराना हुँदैनन्। पार्टीहरू परिवर्तनशील हुने कुरा पो हो। पार्टीले गरिरहेका छन्। नेपाललाई पार्टीहरूले चिनेका छन् चिन्दछन्।'

ओलीले नेपाली कांग्रेस, नेकपा एमाले र नेकपामाथि हुने टिप्पणीमाथि आक्रोश व्यक्त गरेका छन्। ओलीले दुई-तीन पार्टीले खाए भनेर भनिएको भन्दै आपत्ति जनाएका हुन्।

उनले पार्टीले खाएको नभई योगदान दिएको बताए। 'तीन पार्टीले खाए रे! खाए भन्ने कुरा हो र बलिदान दिए। ००७ सालमा को थियो? ०३२ मा को थियो? ४६ मा को थियो? ०६२/६३ मा को थियो? जेल बस्ने बेलामा को थियो?' ओलीले भने- 'दुईटाले खाए भनेर गलत भाष्य स्थापना गर्न खोजेका छन्। खुब फोटोको छापेको देख्छु तीनटाले खाए भनेर।'

**चौराहा-गोलपार्क...**

सूचना अधिकारी शर्माका अनुसार सर्भिस लेनतर्फ २.२ किलोमिटर र मुख्य सडकको ६ किलोमिटरमध्ये ३.९ किलोमिटरमा कालोपत्र सम्पन्न भएको छ। त्यस्तै, २४० वटा सडक बत्तीमध्ये १८८ वटाको फाउन्डेसन बनेको, २.७ किलोमिटर फुटपाथ र १.४ किलोमिटर रेलिङ जडान भइसकेको छ। बावुल दर्शन मालिका जेभीका सञ्चालक एवं सांसद तौफिक अहमद खानले अब असोज २० भित्र जुनसुकै अवस्थामा पनि काम सक्ने प्रतिबद्धता जनाएका छन्। अधिकांश काम सकिइसकेकाले निर्धारित समयमै सम्पन्न गर्न समस्या नरहेको उनको भनाइ छ।


नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

सिद्धार्थनगर, रुपन्देही

## प्रमाणित सम्बन्धमा

मितिः २०८३/०४/०८

जिल्ला रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं. ०७ बस्ने भारतीय भू.पू. सैनिक नं. JC208461H नायब सुवेदार पदका शेरबहादुर बलालको पत्नी मनकुमारी बलालले आफ्नो नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मनकुमारी बलाल र जन्म मिति ई.सं. १९५०/०३/१७ तथा निजको पतिको भारतीय पेन्सन रेकर्डमा पत्नीको नामथर बनि देवी र जन्म मिति ई.सं. १९४९-०७-२७ उल्लेख भएको साथै निजको विवाह प्रमाणित प्रमाण पत्रमा विवाह मिति वि.सं. २०२३/०२/०५ ( ई.सं. १९६६-०५-१८) तथा भारतीय पेन्सन रेकर्डमा विवाह मिति १९६९-०७-०१ उल्लेख भई नामथर, जन्ममिति र विवाह मिति फरक परेता पनि व्यक्ति एकै भएको व्यहोरा प्रमाणित गरीपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नुभएकोमा सम्बन्धित तिलोत्तमा नगरपालिका ०७ नं. वडा कार्यालयको च.नं. ४३६५, मिति २०८३/०३/२५ को सिफारिस पत्र तथा जिल्ला प्रहरी कार्यालय रुपन्देहीको च.नं. ४१, मिति २०८३/०४/०५ को पत्रसाथ संलग्न प्रहरी सर्जमिन मुचुल्काबाट समेत लेखि आएकोले सोही व्यहोरा प्रमाणित गरिएको छ।



प्रमुख जिल्ला धिकारी



## संस्थापक शेयर बिक्रीसम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०८ गते)

यस उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर ४९६० कित्ता (चार हजार नौ सय साठी कित्ता मात्र) बिक्री गर्ने इच्छा राखी सञ्चालक समिति समक्ष निवेदन दिनूभएकोमा प्रचलित नियम तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम् रित पुर्‍याई बिक्री गर्ने प्रकृया अगाडि बढाउने निर्णय भएकोले संस्थापक शेयर खरिद लिन इच्छूक हाल कायम संस्थाका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनूपर्ने व्यवस्था रहेकोले संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि कूनै संस्थापक शेयरधनी महानूभावहरुलाई यस वित्तीय संस्थाको संस्थापन शेयर खरिद गरि लिन इच्छा भएमा यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय सिद्धार्थनगर नगरपालिका १२, रुपन्देहीमा आफूले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खूलाई निवेदन दिनूहून सुचित गरिन्छ। संस्थापक शेयर खरिद गरि लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनी महानूभावहरुको निवेदन पेश हून नआएमा प्रचलित नियम अनूसार अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने सन्बन्धी आवश्यक कार्यवाही अघि बढाईने व्यहोरा समेत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**उन्नति सहकार्य लघुवित्त वित्तीय सस्था लिमिटेड**

**Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited**

केन्द्रीय कार्यालयः सिद्धार्थनगर नगरपालिका – १२, रुपन्देही

फोन नं. ०७१-५७११२६, ५७११२८

Email:-unnatiho@gmail.com



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# रूपन्देहीमा एक वर्षमा २२८ जनाले गरे आत्महत्या

आत्महत्याका घटनामा अधिकांश २६-३५ वर्ष उमेर समूहका रहेको प्रहरीले जनाएको छ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

२०८३ जेठ १ गते बुटवलको नेपालगञ्ज रोडमा रहेको दियो ईन होटलमा एक युवकले छतबाट हाम फालेर आत्महत्या गरे । पोखराका कृष्णहरी जीसी जेठ १ गते बिहान करिब २ बजे होटलको छतबाट हाम फालेर मृत अवस्थामा फेला परेका थिए । उनी आफ्ना चार जना साथीसहित होटलमा बस्न आएका थिए ।

उनी मात्रै होइन एक वर्षमा रुपन्देहीमा २ सय बढीले आत्महत्या गरेका छन् । आर्थिक वर्ष २०८२/०८३ मा रुपन्देहीमा २२८ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ ।

प्रहरीको विवरणअनुसार आत्महत्या गर्नेमध्ये अधिकांशले झुन्डिएर आत्महत्या गर्ने विधि अपनाएका छन् । कुल २२८ घटनामध्ये १९८ जनाले झुन्डिएर, २८ जनाले विषादी सेवन गरेर तथा २ जनाले आगो लगाएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी कृष्णकुमार चन्दले जानकारी दिए ।

उनका अनुसार झुन्डिएर आत्महत्या गर्ने घटना कुल घटनाको करिब ८६.८४ प्रतिशत रहेको छ, जसले यो विधि अन्य सबैभन्दा बढी प्रयोग भएको देखाउँछ । लिङ्गगत विश्लेषण गर्दा आत्महत्या गर्नेमा पुरुषको संख्या महिलाको तुलनामा उल्लेखनीय रूपमा बढी रहेको छ । प्रहरी अभिलेखअनुसार १३७ पुरुष र ९१ महिलाले आत्महत्या गरेका छन् ।

कुल घटनामध्ये पुरुषको हिस्सा करिब ६०.०९ प्रतिशत र महिलाको ३९.९१ प्रतिशत रहेको छ । यसले मानसिक, सामाजिक तथा आर्थिक दबाबका कारण पुरुषहरू पनि उच्च जोखिममा रहेको संकेत गरेको छ ।

उमेर समूहका आधारमा गरिएको विश्लेषणले आत्महत्याको समस्या विशेषगरी उत्पादनशील उमेर समूहमा बढी केन्द्रित रहेको देखाएको छ । २६ देखि ३५ वर्ष उमेर समूहका ७१ जनाले आत्महत्या गरेका छन्, जुन सबैभन्दा बढी संख्या हो ।

त्यसपछि १९ देखि २५ वर्ष उमेर समूहका ४९ जना, ३६ देखि ४५ वर्षका ४७ जना, ४६ देखि ६० वर्षका ३४ जना, १८ वर्ष मुनिका २१ जना तथा ६० वर्षभन्दा माथिका ६ जनाले आत्महत्या गरेको प्रहरी तथ्यांकमा उल्लेख छ ।

विशेषगरी १९ देखि ४५ वर्ष उमेर समूहमा आत्महत्याको संख्या अत्यधिक हुनु चिन्ताको विषय बनेको छ । यही उमेर समूह शिक्षा, रोजगारी, वैदेशिक रोजगार, पारिवारिक जिम्मेवारी, आर्थिक दबाब तथा व्यक्तिगत सम्बन्धका चुनौतीसँग प्रत्यक्ष रूपमा जोडिने भएकाले मानसिक तनाव बढ्न सक्ने विज्ञहरूको भनाइ छ ।

आत्महत्याका घटनामा झुन्डिएर आत्महत्या गर्ने संख्या अत्यधिक हुनु पनि अर्को महत्वपूर्ण पक्षका रूपमा देखिएको छ । सहज पहुँच, एकान्त स्थानको उपलब्धता तथा आकस्मिक आवेगका कारण यो विधि बढी अपनाइने गरेको विभिन्न अध्ययनहरूले पनि देखाउँदै आएका छन् ।

मानसिक स्वास्थ्यप्रति समाजमा अझै पनि खुला रूपमा छलफल गर्ने वातावरण पर्याप्त नबनेको, समस्यालाई समयमै पहिचान गर्न नसकिनु, पारिवारिक तथा सामाजिक सहयोगको कमी, आर्थिक तथा व्यक्तिगत तनाव जस्ता कारणहरूले आत्महत्याको जोखिम बढाउन सक्ने भएकाले समयमै परामर्श, सहयोग र संवेदनशील व्यवहार अपरिहार्य रहेको महिला अधिकारकर्मी अधिवक्ता इन्दिरा आचार्य बताउँछिन् ।

विशेषगरी युवा तथा मध्यम उमेर समूहलाई लक्षित गरी मानसिक स्वास्थ्य सेवा विस्तार, जनचेतना अभिवृद्धि, मनोसामाजिक परामर्श तथा समुदायस्तरमा सहयोगी वातावरण निर्माण गर्न सके यस्ता दुःखद घटनामा कमी ल्याउन सकिने उनले बताइन् ।

# तिलोत्तमा भ्यू टावर छिटो सञ्चालनमा ल्याउन माग



तिलोत्तमा । करिब १८ करोड लागतमा तिलोत्तमामा बनेको बहुउद्देश्यीय भ्यू टावर छिटो सञ्चालनमा ल्याउन शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र वनबाटिकाले तिलोत्तमा नगरपालिकासँग माग गरेको छ ।

वन बाटिकाका पदाधिकारी र सल्लाहकारसहितको टोलीले बिहीबार नगरप्रमुख रामकृष्ण खाँणलाई भेटेर निर्माण सम्पन्न भएको लामो समयसम्म भ्यू टावर सञ्चालनमा नआउँदा नगरपालिकाको राजस्व गुमेको र जनमानसमा नकारात्मक सन्देश फैलिएको जानकारी गराएका थिए ।

सो अवसरमा नगर प्रमुख रामकृष्ण खाँणले पटक पटक टेण्डर गर्दा पनि व्यवसायी नआउँदा भ्यू टावर सञ्चालनमा ल्याउन नसकेको बताए । भ्यू टावर सञ्चालनमा नआउँदा सत्य तथ्य नबुझी सामाजिक सञ्जालमा नगरपालिकालाई दोष लगाउने गरिएको नगर प्रमुख खाँणले गुनासो गरे ।

नगरपालिकाका राजस्व शाखा प्रमुख इन्द्रलाल सापकोटाकाअनुसार २०७८ सालमा पहिलोपटक वार्षिक ३९ लाख ५० हजार रुपैयाँ तिर्ने गरी एकजना व्यवसायीसँग टेण्डर स्वीकृत भएको थियो । तर ती व्यवसायी भ्यू टावर सञ्चालनको सम्झौता गर्न आएनन् । त्यसपछि ५ पटकसम्म टेण्डर गर्दा कोही पनि व्यवसायी टेण्डर लिन नआएपछि अब कुन मोडेलमा सञ्चालन गर्ने भनेर छलफल भइरहेको सापकोटाले बताए ।

२०७४ मा शिलान्यास भएको उक्त भ्यू टावर चार वर्षमा निर्माण सम्पन्न गरी २०७८ चैत १५ मा उदघाटन गरिएको थियो । शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वन वाटिका) मा १३४ फिट उचाइको भ्यू टावर १० तलाको छ ।

तिलोत्तमा नगरपालिकाले यो भ्यू टावर, भ्यू टावर मात्र नभई बहुउद्देश्यीय भवनको रुपमा निर्माण गरिएको दाबी गरेको छ । तिलोत्तमा नगरपालिका र शंकरनगर वन विहारको संयुक्त लगानीमा निर्माण गरिएको टावरमा पहिलोदेखि छैठौ तलासम्म व्यावसायिक प्रयोजनका लागि संरचना निर्माण गरिएका छन् ।

सातौं तलादेखि मात्रै दृश्य अवलोकनको लागि प्रयोग हुने नगरपालिकाले जनाएको छ । साढे १७ करोड रुपैयाँभन्दा बढी लागतमा निर्माण गरिएको भ्यु टावर निर्माणमा ७० प्रतिशत तिलोत्तमा नगरपालिकाले र ३० प्रतिशत शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले व्यहोरेको छ ।

दुई बिघा क्षेत्रफलमा निर्माण गरिएको भ्यु टावरमा सुविधायुक्त रेष्टुराँ र वातानुकुलित पर्यटक विश्रामस्थल कोठा, रिसर्च कक्ष, डिपार्टमेन्टल स्टोर, कार्यालय कक्ष, पुस्तकालयलगायतका संरचना रहेका छन् ।

लिफ्ट सुविधासहित बनेको भ्यू टावरसँगै अन्य पर्यटकीय पूर्वाधार र संरचनाहरू समेत निर्माण भएका छन् । शंकरनगर सामुदायिक वनभित्र २०६२ सालमा स्थापना गरिएको वन विहार तथा अनुसन्धान केन्द्र हाल पश्चिमाञ्चल क्षेत्रकै मुख्य अनुसन्धान केन्द्रका रुपमा विकास हुँदै गएकोले भ्यु टावरको निर्माणले उक्त केन्द्रको विकासमा समेत टेवा पुग्ने विश्वास गरिएको छ ।

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रका अध्यक्ष खिमलाल पाण्डेले भ्यू टावर सञ्चालनमा नआउँदा जीर्ण बन्न थालेको भन्दै छिटो सञ्चालनमा ल्याउन सके नगरपालिकाले आम्दानी लिन सक्ने बताए । सामुदायिक वनको पाँच सय ७६ हेक्टर वनमध्ये ५१ हेक्टर क्षेत्रमा शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रका रुपमा छुट्याएर पर्यटकीय पूर्वाधार बनेका छन् ।

भ्यू टावरको उत्तरतर्फ स्वीमिङ पुल र अगाडि म्युजिकल फाउन्टेन निर्माण भएका छन् । भ्यू टावर परिसरमा पर्यटकीय पूर्वाधार बनाउन संघीय सरकारको पर्यटन मन्त्रालयबाट पनि ६० लाख बजेटको काम भएको नगरपालिकाका योजना प्रमुख इञ्जिनियर प्रदीप वनले बताए ।

# हाइड्रोपावरका लागि लघु जलविद्युत्सँग ह्याप्पी पावर प्रा.लि.को सम्झौता



**लोकप्रसाद छन्त्याल**
*गुल्मी*

मुसिकोट नगरपालिका वडा ७ बसेरीमा अवस्थित परोपकार बहुउद्देश्यीय लि.द्वारा सञ्चालित लघु जलविद्युत् हाइड्रोपावरका लागि ह्याप्पी पावर प्रा.लि.को सम्झौता भएको छ ।

ह्याप्पी पावर प्राइभेट लिमिटेड कम्पनी र परोपकार बहुउद्देश्यीय सहकारी लघु जलविद्युत् परियोजना वामी टक्सारबिच सम्झौता भएको हो । ह्याप्पी पावर प्राइभेट लिमिटेड प्रथम पक्ष परोपकार बहुउद्देश्यीय सहकारी लघु जलविद्युत् दोस्रो पक्षबिच प्रस्तावनासहित सम्झौतामा उल्लेख गरिएको छ ।

अध्ययन विकास निर्माण तथा सञ्चालनका लागि आवश्यक पारस्परिक सहयोग सहजीकरण तथा लाभ साझेदारीसम्बन्धी व्यवस्थापन गर्न प्रथम पक्ष र दोस्रो पक्ष बिच देहाय बमोजिम सहमति सम्झौता सम्पन्न गरिएको छ । साउन ४ गते परोपकार बहुउद्देश्यीय सहकारी लघु जलविद्युत् संस्थाका सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद सापकोटाको अध्यक्षतामा बसेको बैठकले संस्थाको लघु जलविद्युत् परियोजनाबाट उत्पादित १३५ किलोवाट सर्वेक्षण तथा अध्ययन विकास सञ्चालनका निर्णयका लागी ह्याप्पी पावर प्रा.लि. सँग सम्झौता गर्ने निर्णय गरेपछि अध्यक्षद्वय ईन्द्रबहादुर बिष्ट र कृष्णप्रसाद सापकोटाले हस्ताक्षर तथा सम्झौता पत्र आदानप्रदान गरेका थिए ।

लघु जलविद्युत् परियोजनाका पूर्व अध्यक्ष गोपीकृष्ण खरेलले उत्पादित् विद्युत् नेपाल सरकारसँग करेन्ट खरिदबिक्री विगत वर्षमा भैसकेको र पब्लिक हेन कन्ट्रक्सनले ८६ लाखमा टेण्डर लिएको समेत बताए । खरेलले हाइड्रोपावर निर्माण भए १३५ किलोवाट करेन्ट बढेर करिब ७.५ मेघावाट हुने, स्थानीय प्रभावित क्षेत्रमा रोयल्टी आदि सुविधाजनक हुने, स्थानीय जनताले दक्ष सीपअनुसार रोजगारी पाउने र शेयर लगानीहरुको लगानी सुनिश्चितताको गर्व हुने बताएका छन् । परोपकार सहकारी लि. मा करिब १९०० जनाभन्दा धेरै सदस्यहरुको ५ हजार १०० सयदेखि १ लाखसम्म प्रतिव्यक्तिको शेयर लगानी रहेको छ ।

हाइड्रोपावर निर्माणपछि विद्युत्को पावर करिब ८/ १० मेघावाट उत्पादन गर्ने लक्ष्य लिएको प्राविधिकको आँकलन रहेको इन्द्रबहादुर थापाले बताएका छन् ।

ह्याप्पी पावर प्रा.लि. तर्फ कानुनी सल्लाहकार अधिवक्ता बद्री विशाल घिमिरे रहेका छन् भने परोपकार बहुउद्देश्यीय सहकारी संस्थाबाट अधिवक्ता अनन्तलाल भण्डारी रहेका छन् ।

# सामी कार्यक्रममा २१ हजार बढीलाई परामर्श

**गौरीशंकर जयसवाल**
*परासी*



वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सञ्चालन गरिएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम प्रभावकारी देखिएको छ ।

नेपाल सरकार आर्थिक सहयोग सञ्चालित सामी स्थानीय तहबिचको समन्वय तथा सहकार्यमा वैदेशिक रोजगारीसँग सम्बन्धित सूचना, न्यायमा पहुँच, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श तथा सीपसम्बन्धी सेवामा सहजीकरण प्रभावकारी देखिएको हो ।

कार्यक्रमकी सूचना तथा सामाजिक परामर्शदाता चन्दा यादवले दिएको तथ्याङ्कअनुसार नवलपरासी ८ हजार ७सय ९३जनाले वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा जानकारी प्राप्त गरेका छन् ।

तीमध्ये २ हजार ४सय ३२ महिला र ६ हजार ३सय६१ पुरुष रहेका छन् ।

आप्रवासी स्रोत केन्द्रमा दर्ता तथ्याङ्क १६३ वटा मुद्दामा न्यायमा पहुँचका लागि सहजीकरण गरिएको छ । तीमध्ये १४ महिला र १४९ पुरुष रहेका परामर्शदाता चन्दा यादवले जानकारी दिइन ।

सहजीकरणपछि पीडित तथा परिवारले २ करोड ५० लाख ६४ हजार १८ रुपैयाँ प्राप्त गरेका यादवले बताइन् ।

सात वटा स्थानिय तहमा समुदायमा १८०जनाले व्यक्तिगत मनोसामाजिक परामर्श सेवा दिईएको सामि कार्यक्रमकी मनोसामाजिक परामर्शदाता सुमित्रा चौधरीले जानकारी दिइन् ।

त्यस्तै, समुदाय तहमा सञ्चालन गरिएको सूचना प्रवाह कार्यक्रममार्फत तीन हजार १७२ जना १०४ वटा समूहलाई वैदेशिक रोजगारीसम्बन्धी सुचना प्रवाह गरेको छ ।

यसमा दुई हजार २७७ जना महिला र ८९५ जना पुरुष सहभागी भएका छन् । घरमै गई सूचना प्रवाह ७ हजार तीन सय २० जना जसमध्ये महिला ३३ सय ७८ र पुरूष तीन हजार ९४२ जना बैदेशिक रोजगार सम्बन्धि सुचना प्रवाद सेवा दिइएको छ ।

नवलपरासी १ हजार ८ सय २४ जनालाई वित्तीय साक्षरता प्रदान गरिएको सामीका कार्यक्रम संयोजक ज्ञानप्रकाश यादवले जानकारी दिए । उनको अनुसार सहभागीमध्ये १ हजार ३ सय २४ जान महिला र ५ सय जना मात्र पुरुष रहेका छन् ।

नवलपरासी सात वटा स्थानीय तहमा कार्यक्रमको सघन कार्यान्वयन भइरहेको छ भने सूचना तथा न्यायमा पहुँच, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र सीप तालिमका लागि सहजीकरण गरिएको छ । जिल्लामा ७ जना मनोसामाजिक परामर्शकर्ता रहेको सामि परियोजनाले जनाएको छ ।

मृत्यु, ठगी, अङ्गभङ्ग, अलपत्र, सम्पर्कविहीन, उद्धार तथा कागजात जाँचलगायतका विषयमा सहजीकरण गरिएको कार्यक्रम ज्ञानप्रकाश यादवले जानकारी दिए । सामी कार्यक्रमले यस समस्यालाई न्यूनीकरण गर्न जिल्ला प्रशासन कार्यालय आप्रवासी स्रोत केन्द्र सूचना तथा न्यायमा पहुँचसम्बन्धी सेवा प्रदान गर्दै आएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही





स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com